## मिति २०७७।०६।२९ गते बसेको ७० औं कार्यपालिका बैठकका निर्णयहरु :

**निर्णय नं. १**

यस परिवर्तन गाउँपालिकाले आ.व.२०७७।०७८ को लागि गाउँसभावाट स्वीकृत बजेट तथा कार्यक्रम अनुसार पुर्ण सरसफाई अभियान गाउँपालिकाको निरन्तर कार्यक्रम भएकोले गत आ.व. २०७६।७७ मा सार्बजनिक ऐन २०६३ तथा सार्वजनिक खरिद नियामावली २०६४ मा भएको व्यवस्था अनुसार परामर्शदाता सेवा प्रदायक संस्था छनौट भएकोले निज सँग भएको सम्झौता अनुसार कार्यविवरण पुनरावलोकन गरी चालु आ. व २०७७।७८ मा पनि उक्त संस्थालाई नै निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २**

वर्षातको समयमा वाढी पहिरो आई घर जोखिम भएको ,अन्नवाली तथा फलफुल क्षति भएकोले यस गाउँपालिकामा पेश भएका निवेदनहरुलाई प्राविधिकको प्रतिवेदन तथा प्रहरी मुचुल्काको आधारमा गाउँपालिकाको राहत वितरण कार्यविधिको अधिनमा रहि क्षतिको प्रकृति हेरी गाउँपालिका अध्यक्ष स्तरको निर्णय गरी तत्काल आर्थिक राहत सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विश्व व्यापी हामामारीको रुपमा फैलिएको कोभिड १९ को कारण लकडाउनले प्रत्यक्ष रुपमा असर पारेको घर परिवार ,आर्थिक अवस्था कमजोर घर परिवारलाई यस गाउँपालिकाले वितरण गरेको राहत प्याकेज वमोजिम राहत वितरण गरिसकेको सन्दर्भमा १८० बोरी चामल गाउँपाकिलाकामा बचत रहेकको र विभिन्न वडाकार्यालय तर्फ अति विपन्न परिवार छुट भएको समेत देखिन आएकोले त्यस्ता परिवार पहिचान गरि वडा कार्यालयबाट वितरणको बन्दोबस्त मिलाउने गरी तपसिल बमोजिमको विवरणको चामल वडा कार्यालयलाई हस्ताणतरण गर्ने निर्णय गरियो ।

तपशिल

१.१ नं. वडाकार्यालय कुरेली ,रोल्पा -३० वोरा

२.२ नं. वडाकार्यालय राङसी ,रोल्पा -३५ वोरा

३.३ नं. वडाकार्यालय थुनिकोट ,रोल्पा -२५ वोरा

४.४ नं. वडाकार्यालय पाछावाङ ,रोल्पा -३५ वोरा

५.५ नं. वडाकार्यालय राङकोट ,रोल्पा -३० वोरा

६.६ नं. वडाकार्यालय नाफे ,रोल्पा -२५ वोरा

**निर्णय नं. ४**

यस परिवर्तन गाउँपालिका संचालित आधारभत तह तथा मावि तह सम्म विद्यालयको दशै दशै विदा कार्तिक ७ देखि ११ सम्म र तिहार विदा कार्तिक २८ गते देखि मंसिर २ गतेसम्म गर्ने र CTEVT तर्फ संचालित प्राविधिक धार तर्फका कक्षाहरु विद्यालयले स्वयमंले उपयुक्तताका आधारमा निर्णय गरी विदा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँपालिकाको ६ वटै वडामा कार्यरत गरिवीनिवारण कोषको कर्मचारीहरुको हाल सम्मको कार्य सम्पादन सन्तोषजनक देखिएकोले मिति २०७७श्रावण १ देखि लागु हुनेगरी २०७७ पौष मसान्त सम्म ६ महिनाको लागि करार म्याद थप्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिकावाट हुने सवै शाखाको समान खरिद एकद्धर प्रणालीवाट गर्ने र उक्त समान खरिद गर्दा अनिवार्य खरिद समितिले निर्णय गर्ने निर्णय सर्व सम्मत पारित गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिका क्षेत्र भित्र रहेका ईलाका प्रहरी कार्यालय, प्रहरी चौकी र अस्थायी प्रहरी चौकीलाई वडादशैंको उपलक्ष्यमा मौला पुजापाठको लागि तपशिल वमोजिमको आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशिल

१.ईलाका प्रहरी कार्यालय ओवाङ रु १०,०००।-

२.ईलाका प्रहरी कार्यालय पाछ्वावाङ रु १०,०००।-

३.प्रहरी चौकी कुरेली रु ८,०००। -

४.प्रहरी चौकी वागमारा रु ८,०००।-

५.अस्थायी प्रहरी चौकी पुतलाखोला रु ८,०००।-

६. प्रहरी चौकी भावाङ रु ८०००।-

७. ईलाका प्रहरी कार्यालय घर्तिगाउँ रु १०,०००।-

**निर्णय नं.८**

सुरक्षित नागरिक आवास कार्यक्रमको लागि यस परिवर्तन गाउँपालिका भित्र रहेका फुसको छाना भएको तपशिल वमोजिमको घरसंख्या छनौट गर्ने निर्णय गरियो ।

तपशिल

१. १ नं. वडा कुरेली, रोल्पा - ३० घरदुरी

२. २ नं. वडा राङसी,रोल्पा-२८ घरदुरी

३. ३ नं. वडा थुनिकोट -२८ घरदुरी

४.४ नं. वडा पाछ्वावाङ -३० घरदुरी

५. ५ नं. वडा राङकोट-२८ घरदुरी

६. ६ नं. वडा नाफे - २० घरदुरी

**जम्मा -१६४**

**निर्णय नं. ९**

यस गाउँपालिकाको ६ वटै वडामा तपशिलको शिर्षकमा चालुखर्च निर्धारण गरी दायरा नबढ्ने गरी खर्च गर्ने अख्तियारी सम्बन्धीत वडा कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | खर्च शिर्षक | १ नं. वडाकुरेली | २ नं. वडा राङसी | ३ नं. वडा थुनिकोट | ४नं.वडा पाछावाङ | ५नं.वडा राङकोट | ६ नं. वडा नाफे |
|---|---|---|---|---|---|---|---|
| १ | भ्रमण खर्च | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,०००। | १,००,००० । |
| २ | विविध खर्च | ५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। | ५०,०००। |
| ३ | वैठक भत्ता | ७५,०००। | ७५,०००। | ७५,०००। | ७५,०००। | ७५,०००। | ७५,०००। |
| ४ | सवारी साधन ,इन्धन विमा नविकरण खर्च | ४०,०००। | ४०,०००। | ४०,०००। | ४०,०००। | ४०,०००। | ४०,०००। |
| ५ | मसलन्द कार्यालय संचालन खर्च | ३५,०००। | ३५,०००। | ३५,०००। | ३५,०००। | ३५,०००। | ३५,०००। |
| ६ | | ३,००,०००। | ३,००,०००। | ३,००,०००। | ३,००,०००। | ३,००,०००। | ३,००,००० । |

**निर्णय नं. १०**

विश्वमा महामारीको रुपमा फैलिदै गरेको कोरोना भाइरस कोभिड १९ फैलिरहेको अवस्थामा आउदै गरेको विजयादशमी तथा दिपावलीको अवसरमा धेरै मानिसहरुको भिडभाड हने गरी कुनै कार्यक्रम ,भोज ,सम्मेलन ,खेलकुदको कार्यक्रम तथा देउसी,भइलो र नाचगान कार्यक्रम संचालन गर्न गराउन प्रतिवन्ध लगाउनको लागि एफ.एम रेडियोमा सूचना दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस गाउँपालिका अन्तरगत संचालित श्री राष्ट्रिय मा.वि केउरी वडा नं ३ र श्री ने.रा.मा.वि. रांङखुङ वडा नं २ मा विद्यालय सहायक कर्मचारी पदपुर्तिका लागी मापदण्ड पुरा भएकोले उक्त विद्यालयहरु शशर्त अनुदान शिर्षकबाट तलव भत्ता पाउने गरी पद सृजना गरी कर्मचारी भर्ना प्रकृया अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस परिवर्तन गाउँपालिकाको गत आ.व.२०७६/०७७ को अल्या भई आएको रकम तपशिल वमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

तपशिल

| **क्र.स.** | **योजनाको नाम** | **ठेगाना** | **विनियोजित रकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | दाङवासा जौलेपोखरी भुतखोला मो.वा. | परिवर्तन १ रोल्पा | ७ लाख | |
| २ | पोखरा भ्यापखोला मो.वा. | परिवर्तन २ रोल्पा | ५ लाख | |
| ३ | प्रशासनिक भवन डेकोरेशन | गाउँपालिका | १५ लाख | |

| | | | | |
|---|---|---|---|---|
| ४ | कार्यालय मोटर साइकल खरिद | गाउँपालिका | १० लाख | |
| ५ | लटाखोरेमधुसे खानेपानी मुहान संरक्षण | | २ लाख | |
| ६ | प्रथम परिवर्तन भर्चअल तेक्वान्दो -आइटिएफ) राष्ट्रिय खुला प्याट्रन प्रतियोगिता २०२० | गाउँपालिका | ३ लाख | |

**निर्णय नं. १३**

यस गाउँपालिकाको चालु आ.व २०७७।७८ शर्शत बजेट तथा कार्यक्रम अन्तरगत विद्यालय भौतिक पुर्वाधार अनुदान रकमका लागी देहायका विद्यालयहरुमा छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| ७ | माईस्थान मा.वि. भवन निर्माण | परिवर्तन ४ रोल्पा | ३६ लाख | शर्शत अनुदान |
| ८ | मा.वि.जाखर भवन निर्माण | परिवर्तन २ रोल्पा | ३६ लाख | शर्शत अनुदान |

**निर्णय नं. १४**

यस परिवर्तन गाउँपालिका १५ शैयाको अस्पताल स्थापनाका लागी छनौट भएको हुदा संघिय सरकारबाट निर्धारण गरिएको स्टिमेट डिजाइन ड्रइङ अनुसार निर्माणका लागी वडा नं ६ चप्कामा तोकिएको मापदण्ड बमोजिमको जग्गा प्राप्ति तथा भवन निर्माणका लागी विस्तृत अध्यायन प्रतिबेदन (DPR) तयार गर्ने कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो । साथै अस्पताल निर्माणका लागी चालु आ.व. २०७७।७८ मा गाउँपालिकालाई प्राप्त हुने रकम मध्ये रु १० लाख रकम योजनाको विस्तृत अध्यायन प्रतिबेदन (DPR) तयारीका लागी विनियोजन गर्ने निर्णय पारित गरियो ।